# ५५ औं नगर कार्यपालिका बैठकको कार्यसूचीहरुः

मितिः २०७६/१०/०५

१. गोदिखोला कल्भर्ट निर्माणको थप रकम सम्बन्धमा ।

२. कृषक उपज बजार व्यवस्थाका लागि दहथुम सहकारी संस्थालाई जग्गा भाडामा दिईएको सम्बन्धमा ।

३. मेयरकप भलिबल प्रतियोगिताको रकम विनियोजन सम्बन्धमा ।

४. विविध ।

## ५५ औं नगर कार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं. १:

भीरकोट नगरपालिका वडा नं-५ को गोदीखोलामा प्रदेश सरकार र भीरकोट नगरपालिकाको साझेदरीमा निर्माण भइरहेको कल्भर्ट निर्माणको क्रममा विभिन्न आइटमहरुको quantity छुट गइ कल्भर्ट अधुरो हुने स्थिति भएकोले आर्थिक ऐनको परिधि भित्र रही variation को आधारमा रकम थप गर्नको लागि कार्यपालिकाको बैठकबाट पारित गरि अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २

भीरकोट नगरपालिका वडा नं १ स्थित दहथुम सहकारी संस्थाको माग अनुसार कृषि उपज संकलन केन्द्रको लागि आवश्यक पर्ने संरचना निर्माण गर्न मिति २०७६/०९/१४ मा २० वर्ष को लागि भीरकोट नगरपालिकाको नाममा रहेको भीरकोट नगरपालिका वडा नं १ को कि.नं.५९२ क्षेत्रफल २-१०-१-१ को जग्गा भाडामा दिने सम्झौता भएको हुँदा उक्त सम्झौतालाई समर्थन/अनुमोदन गर्ने निर्णय गरियों।

निर्णय नं ३

भीरकोट नगर स्तरीय विपद् व्यवस्थापन समितिको निर्णय र प्रारम्भिक बातावरणीय परिक्षण (IEE) को आधारमा आँधिखोलामा निर्माण भएका संरचनाहरुलाई असर नपर्ने, आँधिखोलाको वहाव परिवर्तन नहुने, र आँधिखोला नियन्त्रणमा सहयोग पुग्ने गरी डिपोजिट नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) संकलन गरी निकासी गर्न आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं ४

चालु आर्थिक वर्षमा संचालन हुने राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता २०७६ र तेश्रो मेयर कप भलिबल प्रतियोगिता २०७६ माघ मसान्त सम्म सम्पन्न गर्ने र उक्त कार्यक्रमहरुको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं ५

भीरकोट नगरपालिका वडा नं २ मा साविकको पशु सेवा केन्द्रको नाममा रहेको कित्ता नं.......... क्षेत्रफल .................. को जग्गामा वडा नं २ को आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ६

बालमैत्री स्थानीय शासन अवलम्बन तथा कार्यान्वयनका सन्दर्भमा बालबालिकाहरुलाई आवश्यक पर्ने न्यूनतम खेलकुद सामाग्रीहरु खरिद गरी विद्यालयहरुमा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं ७

विगत आर्थिक वर्ष ०७५/०७६ को भीरकोट नगरपालिकाको अन्तिम लेखा परिक्षण प्रतिवेदनको छाँया प्रति आजकै मितिमा छलफल र अध्ययनको लागि कार्यपालिका बैठकमा पेश गरियो।

भीरकोट नगरपालिका नगर कार्यालय

## ५६ औ कार्यपालिका बैठकका निर्णयहरु:-

**निर्णय नं -१**

भीरकोट नगरपालिकाको **सार्वजनिक खर्च प्रभावकारी व्यवस्थापन सम्बन्धि निर्देशिका** २०७६, लाई कार्यपालिकाको बैठकमा पेश भए बमोजिम स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं-२**

भीरकोट नगरपालिकाको साधारण निर्माण सामाग्री (ढुंगा, गिट्टी, माटो, बालुवा) संकलन उत्खनन प्रशोधन ओसार पसार र विक्री वितरण सम्बन्धि कार्यविधि २०७६, लाई कार्यपालिका बैठकबाट पेश भए अनुसार अनुमोदन गरि स्वीकृतिको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं -३**

भीरकोट नगरपालिकाको अध्याय ५ पृष्ठ २३९ र ५ गोटा अनुसूची भएको आवधीक विकास रणनैतिक योजनालाई कार्यपालिका बैठकबाट अनुमोदन गरी स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं-४**

गोदीखोला कल्भर्टमा प्राविधिक भेरीएसन अनुसार थप कामको लागि थप गर्नु पर्ने रकमलाई अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं -५**

भीरकोट नगरपालिकाको चौथो नगरसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरुमा खर्च हुन नसक्ने वा रकम वढी हुने र रकम नपुग हुने योजनाहरुको रकम पूँजिगत शिर्षकको एक शिर्षक वा योजना तथा कार्यक्रमबाट पूँजिगत शिर्षकको अर्को शिर्षक योजना तथा कार्यक्रममा र चालु खर्च शिर्षकको एक शिर्षक योजना तथा कार्यक्रमबाट चालु तथा पूँजीगत खर्च शिर्षकको अर्को शिर्षक र योजना तथा कार्यक्रममा नियमानुसार रकमान्तर गरि खर्च गर्नको लागि नगर सभामा स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं-६**

भीरकोट नगरपालिकाको मिति २०७६/१०/१५ मा बसेको जोखिम न्यूनीकरण, विपद् व्यस्थापन समितिको निर्णयानुसार आँधिखोलाको नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन संकलन तथा निकासी कार्यको लागि प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन (IEE) को आधारमा आँधिखोलामा निर्माण भएका भौतिक संरचनाहरुलाई असर नपर्ने, जमिनको संरक्षण हुने, आँधिखोलाको वहाव परिवर्तन नहुने र आँधिखोला नियन्त्रणमा सयहोग पुग्ने गरि भीरकोट नगरपालिका क्षेत्रभीत्रको आँधिखोलामा थुप्रियर रहेको ओभर डिपोजीट नदी जन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा संकलन र विक्री वितरणको लागि कार्यपाललिकाको बैठकबाट अनुमोदन गरी नगर सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

भीरकोट-नगरपालिका

निर्णय नं ७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थनीय पुर्वधार विभागबाट मिति २०७६/०९/२४ मा प्रकशित सुचना अनुसार स्थानीयको तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम अन्तर्गत भीरकोट नगरपालिकाको प्रशासकीय भवन निमार्णको लागि सहयोग माग गर्न अवस्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

निर्णय नं ८

भीरकोट नगरपालिका वडा नं ७ का तपसिलमा नाम उल्लेख भएका जग्गादाताहरुले तपसिल बमोजिमका कित्ता नं का जग्गाहरु भीरकोट नगरपालिका कार्यलयलाई निशुल्क उपलब्ध गराउने भएको हुदाँ उक्त जग्गाहरु नगरपालिकाको नाममा रजिष्ट्रेसन (पास) गर्ने निर्णय गरियो ।

| क्र स | जग्गा धनीको नाम थर | कित्ता नं |
|---|---|---|
| १ | भोट बहादुर गोदार | ३०० |
| २ | अमर बहादुर गोदार, छलि गोदार, मिना गोदार | १३२ |
| | | |

## ५७ औ कार्यपालिका बैठकको कार्यसूचीहरु

१. डिजिटल प्रोफाइल प्रणाली सम्बन्धी,

२. प्राङ्गारीक बालि उत्पादन र प्रमाणिकरण, सम्बन्धी,

३. विविध

## ५७ औ कार्यपालिका बैठकको निर्णयहरुः-

निर्णय नं-१

भीरकोट नगरपालिकाको डिजिटल सर्वेक्षण र प्रोफाइल निर्माणको लागि कोटेशन माग गरिएकोमा, XELWEL को डिजिटल सर्वेक्षणको रु ७,००,०००/- (अक्षरुपी सात लाख) र 4G Engineering solutions pvt.ltd डिजिटल प्रोफाइल निर्माणको रु १९,५०,०००/- (अक्षरुपी उन्नाइस लाख पचास हजार) को कोटेशन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं-२

भीरकोट नगरपालिकाका सबै वडाहरुमा प्राङ्गारिक बाली उत्पादन र प्रमाणिकरण सम्बन्धी कार्यक्रम संचालन गर्न आपसी सहयोग केन्द्र (आस्क नेपाल) संग परामर्श गरि नगरपालिका र आस्क नेपालको सहकार्यमा कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

निर्णय नं-३

स्याङ्गजा साहित्य प्रतिष्ठान स्याङ्गजालाई रु १,००,०००/- (अक्षरुपी एक लाख रुपैया मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं-४

भीरकोट नगरपालिका वडा नं ५ बस्ने भूकम्प लाभग्राही मोती कुमारी कुँवरलाई रु ५०,०००/- (अक्षरुपी पचास हजार मात्र ) सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं-५

भीरकोट नगरपालिकाको कृषि क्षेत्रको रणनैतिक योजना तर्जुमा गर्न परामर्शदातासंग छलफल गरि आपसी सहमतीमा रणनैतिक योजना तर्जुमा प्रकृया सुरु गर्ने निर्णय गरियो ।

निर्णय नं-६

भीरकोट नगरपालिका वडा नं -६ सिमलचौरको सामुदायिक भवन नजिक रहेका सिसौका रुख र वडा नं १ को लक्ष्मी आधारभुत विद्यालय परिसरमा रहेका सिसौका रुखहरु जिर्ण भइ जोखिम अवस्थामा रहेकोले बन कार्यालय स्याङ्गजासंग समन्वय गरी रुखहरु कटान गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

भीरकोट नगरपालिका वार्ड न. १,२,र ४मा सहलगानी खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत संचालन भई रहेको **बयरघारी खानेपानी तथा सरसफाई आयोजना** को कुल अनुमानित लागत रु.७,२१,८४,०४८.२९(अक्षेरुपी सात करोड एक्काईस लाख चौरासी हजार अठचालिस रुपैया उनन्तिस पैसा) मध्ये सहलगानी आयोजना ब्यबस्थापन कार्यालय बाट प्राप्त हुने अनुदान रकम ७० प्रतिशतका दरले रु.५,०५,२८,८३३.८० (अक्षेरुपी पाच करोड पाच लाख अठईस हजार आठसय तेत्तिस रुपैया असी पैसा) को सुनिश्चितता भई सकेको र उपभोक्ताको तर्फ बाट ब्यहोर्नु पर्ने ३० प्रतिशत का दरले हुने रु. २,१६,५५,२१४.४८(अक्षेरुपी दुई करोड सोह्रलाख पच्पन्न हजार दुई सय चौध रुपैया अठचालिस पैसा)मध्ये १० प्रतिशत रकम रु. ७२,१८,४०४.८२(अक्षेरुपी बहत्तर लाख अठार हजार चार सय चार रुपैया बयासी पैसा)उपभोक्ता समिति बाट अग्रिम ब्यबस्थापन भई सकेको हुँदा आयोजना सम्पन्न गर्नको लागि नपुग २० प्रतिशत रकम रु.१,४४,३६,८०९.६५ (अक्षेरुपी एक करोड चवालिस लाख छत्तिस हजार आठ सय नौ रुपैया पैसठ्ठी पैसा) ऋण स्वरूप नगर विकास कोष काठमाडौंमा अनुरोध गर्ने र सो ऋण प्रक्रिया लाई सहजीकरणको लागि ऋणको धन जमानी प्रदान गर्न सिफारिस माग भई आएकोले बयरघारी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समितिलाई माग बमोजिमको सिफारिस दिने निर्णय गरियो ।

**निर्णय नं ८**

स्याङ्गजा जिल्ला साविक खिलुङ्ग देउराली गा.वि.स. वडा नं ९ हाल भीरकोट नगरपालिका वडा नं ७ बलमाटा स्थित कालिका पुस्तकालयका नाउँमा दर्ता श्रेष्ता कायम रहेको ऐ. को कित्ता नं २९० क्षेत्रफल ४-२-२-० पाखो चहार पर्ति जग्गा कालिका पुस्तकालयको दर्ता नं २५८६ दर्ता मिति २०७६/०९/२४ अंकित गरी संशोधन गर्न तथा कालिका पुस्तकालयको संचालक समितिको मिति २०६९ बैशाख २ गतेको निर्णयानुसार उक्त जग्गामा कालिका बहुमुखी क्याम्पसले ३ तले ३२ कोठे भवन निर्माण सम्पन्न गरिसकेको हुँदा उक्त जग्गा तथा भवन कालिका पुस्तकालय र कालिका बहुमुखी क्याम्पसका नाउँमा आधा आधा हक हिस्सा कायम हुने गरी मालपोत कार्यालय स्याङ्गजाको न्यूनतम मूल्यांकित दररेटमा संगोलनामा गर्न कालिका पुस्तकालय र कालिका बहुमुखी क्याम्पसको निर्णय को प्रतिलिपी समेत संलग्न राखी दुबै संस्थाबाट माग निवेदन भई आएको हुँदा माग निवेदन बमोजिम कालिका पुस्तकालय र कालिका बहुमुखी क्याम्पसको नाउँमा कित्ता नं २९० को जग्गा संगोलनामा गर्नको लागि मालपोत कार्यालय स्याङ्गजालाई सिफारिस दिने निर्णय गरियो ।

## ५८ औं कार्यपालिका बैठकका कार्य सुचिहरु :

१ कोरोना भाइरस सम्बन्धी सुचना सम्प्रेषण गर्ने सम्बन्धमा

२. मजदुरहरुलाई खाद्यन्न सामाग्री वितरण गर्ने सम्बन्धमा

३. बिदेश बाट आएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने सम्बन्धमा

४. टोल फ्रि टेलिफोन लाइन सम्बन्धमा

५. शोक प्रस्ताव सम्बन्धमा

६. विविध


५८ औं कार्यपालिका बैठकका कार्य सुचिहरु

१ कोरोना भाइरस सम्बन्धी सुचना सम्प्रेषण गर्ने सम्बन्धमा

२. मजदुरहरुलाई खाद्यन्न सामाग्री वितरण गर्ने सम्बन्धमा

३. बिदेश बाट आएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने सम्बन्धमा

४. टोल फ्रि टेलिफोन लाइन सम्बन्धमा

५. शोक प्रस्ताव सम्बन्धमा

६. विविध

## ५८ औं कार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

नगरपालिकाका सबै (९वटै) वडांहरुमा कोरोना भाइरसको रोकथाम र नियन्त्रण सम्बन्धी जानकारी र सु सुचित गर्नका लागि (जिङ्गल बनाई) थप सुचना सम्प्रेषण गर्ने तथा नगरपालिकाको बजार क्षेत्रमा कोरोना भाइरसको रोकथामको लागि क्लोरिन छर्ने निर्णय गरियो ।

निर्णय नं. २

नगरपालिका क्षेत्र भित्र वसोवास गरेका अति विपन्न असाहय तथा दैनिक ज्याला मजदुरी गरि जिविकोपार्जन गर्ने परिवारहरुलाइ लकडाउनको समयमा दैनिक गुजारा गर्न कठिनाइ पर्न गएको अवस्थालाई मध्य नजर गर्दै त्यस्ता परिवारहरुको पहिचान र तथ्याङ्क संकलन गरि दाल, चामल, नुन, तेल समेतका न्यूनतम आवश्यकताका खाद्यन्न सामाग्री को व्यवस्थापन गरि वितरण गर्ने निर्णय गरियो।

निर्णय नं. ३

नगरपालिका भित्रका टोल विकास समितिका अध्यक्षहरुको मोबाइलमा कोरोना भाइरसको रोकथाम र नियन्त्रण सम्बन्धी सुचना आदान प्रदान गर्नका लागि जनहि रु १०० को दरले रिचार्ज गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ४

भीरकोट नगरपालिकाका सबै वडाहरुमा कोरोना भाइरसको संक्रमण फैलिएपछि (२०७६/१२/१) गते पछि) बिदेश बाट आएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरि उनिहरुलाई अनिर्वाय रुपमा होम क्यारेन्टाइन वा क्यारेन्टाइन्मा राख्ने व्यवास्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ५

भीरकोट नगरपालिका कार्यालयमा कोरोना भाइरसको रोगथाम र नियन्त्रण सम्बन्धी सुचना प्रवाह गर्ने प्रयोजनका लागि टोल फ्रि टेलिफोन लाइन को व्यवास्था गर्न नेपाल टेलिकम सँग समन्वय गरि टोल फ्रि टेलिफोन लाइनको सेवा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

भीरकोट नगरपालिका वडा नं ३ का वडा अध्यक्ष श्री बाबुराम श्रेष्ठको आमा खल कुमारी श्रेष्ठको मिति २०७६/१२/१३ गतका दिन भएको असामयिक निधन प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै दिवङ्गत आत्माको चीरशान्ति र बैकुण्ठबासको कामना सहित शोकसन्तप्त परिवारजनहरुमा हार्दिक समवेदना सहित शोक प्रस्ताव पारित गरियो ।

निर्णय नं. ७

भीरकोट नगरपालिकाको नाममा स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता संचालन गर्नको लागि आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

विश्वभर फैलिएको कोरोना भाइरसको महामारीबाट बच्न २०७६/१२/११ गतेदेखि राष्ट्रिय लकडाउन घोषणा गरिएको छ । यस विषम घडीमा दैनिक ज्यालादारी गरी खाने मजदुर वर्ग गरिबीको रेखामुनि रहेका व्यक्तिहरु तथा परिवारलाई नगरपालिकाबाट राहत स्वरुप अत्यावश्यक खाद्यान्न वितरण गर्न सार्वजनिक खरिद ऐन, नियमावली अनुसारको खरिद प्रकृया अपनाई सिलबन्दी दरभाउपत्र तथा बोलपत्र आह्वान गर्दा ढिलो भई भोकमरीको समस्या आउने अवस्थाको सृजना हुने देखिँदा तत्कालको समस्या समाधान गर्नको लागि आवश्यक पर्ने खाद्यान्न सामग्रीहरु सिधै खरिद गरी लक्षित वर्गलाई वितरण गर्ने निर्णय गरियो ।

## ५९ औं कार्यपालिका बैठकका कार्यसूचीहरु:

१. राहत वितरण सम्बन्धी कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

२. राहत स्वरुप खाद्य सामग्री वितरण सम्बन्धमा ।

५९ औं कार्यपालिका बैठकका कार्यसूचीहरु:

१. राहत वितरण सम्बन्धी कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

२. राहत स्वरुप खाद्य सामग्री वितरण सम्बन्धमा ।

## ५९ औं कार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

भीरकोट नगरपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी कार्यविधि २०७६ लाई कार्यपालिका बैठकमा पेश भएअनुसार स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. २

कोरोना भाइरसको संक्रमणबाट २०७६/१२/११ गतेदेखि राष्ट्रिय लक डाउन (बन्दाबन्दी)को कारणले दैनिक जिविका गर्न कठिन भएका असहाय, गरिब, दैनिक ज्याला मजदुरी गर्ने भीरकोट नगरपालिकाभित्रका मजदुर वर्गहरुको वडा कार्यालयबाट तथ्याङ्क संकलन भई आएको संख्यामा पुनःविचार गरी उक्त संख्यामा थपघट गर्नुपर्ने भएमा थपघट गरी नगरपालिका कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

५९ औं कार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

भीरकोट नगरपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी कार्यविधि २०७६ लाई कार्यपालिका बैठकमा पेश भएअनुसार स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. २

कोरोना भाइरसको संक्रमणबाट २०७६/१२/११ गतेदेखि राष्ट्रिय लक डाउन (बन्दाबन्दी)को कारणले दैनिक जिविका गर्न कठिन भएका असहाय, गरिब, दैनिक ज्याला मजदुरी गर्ने भीरकोट नगरपालिकाभित्रका मजदुर वर्गहरुको वडा कार्यालयबाट तथ्याङ्क संकलन भई आएको संख्यामा पुनःविचार गरी उक्त संख्यामा थपघट गर्नुपर्ने भएमा थपघट गरी नगरपालिका कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

# ६०औ वोर्ड वैठकका निर्णयहरु

निर्णय नं. १

कोराना भाईरस (कोभिड १९) को रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि नेपाल सरकारको निर्णय वमोजिम जारी भएको वन्दावन्दी (लकडाउन) कडाई पुर्वक परिपालन गरी गराई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२

जिल्ला विपत व्यवस्थापन समिति स्याङ्जावाट विभिन्न स्वास्थ्य सामाग्री, विभिन्न संघ संस्था तथा व्यक्तीहरुवाट प्राप्त नगद तथा राहात सामाग्री र नगरपालिका कार्यालयवाट खरिद भइ आएका स्वास्थ्य सुरक्षा सामाग्री ( दाल, चामल,खानेतेल र नुन) को सम्पुर्ण विवरण जानकारी भयो । वन्दावन्दी (लकडाउन) अवधी थपिदै गएको परिप्रेक्ष्यमा ज्यालामजदुरी गरी खाने श्रमिक, असह्यय र गरिवीको रेखामुनीरहेका व्यक्तीहरुलाई दिष्टिगत गरी पहिलो पटक राहात प्राप्त गर्न छुट भएका व्यक्तिहरुलाई समेत समावेश गरी थप राहात सामाग्री वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

कोरना भाइरस कोभिड १९ को कारण नेपाल सरकारले गरेको वन्दावन्दी ( लकडाउन) को कारण दैनिक ज्यलामजदुरी गरी खाने श्रमिक, र गरिवीको रेखामुनी रहेका व्यक्तिहरुको पहिचान गरी टोल विकास संस्था तथा वडा कार्यालयवाट थप शिफारिस भै आएका व्यक्तिहरुलाई समेत समावेश गरी पहिलो चरणमा राहात प्राप्त गरेका व्यक्तिहरु तथा दोस्रो चरणको लागि थप शिफारिस भएको व्यक्तीहरुको पारिवारिक लगतलाई आधारमानी देहाय वमोजिमको परिमाणको राहात सामाग्री वितरण गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि. नं. | परिवारको संख्या | राहात सामाग्री | | | |
|---|---|---|---|---|---|
| | | चांमल (कि.ग्रा.) | दाल (कि.ग्रा.) | तेल (लिटर) | नुन (कि.ग्रा.) |
| १ | १ देखि २ जना | १० (दश) | २ | १ | २ |
| २ | २ देखि ५ जना | २० (विस) | २ | १ | २ |
| ३ | ६ ~~देखि~~ भन्दा माथी | २५(पच्चिस) | २ | १ | २ |

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४

यस नगरपालिका अन्तर्गतका देहायका कार्यक्रमहरुलाई आगामी आर्थिक वर्ष २०७७/०७८ को विशेष योजनामा समावेश गरि कार्यक्रम स्विकृतिको लागी आर्थिक मामिला तथा योजना मन्त्रालय, गण्डकी प्रदेश पोखरामा अनुरोध गरि पठाउने निर्णय गरियो ।

१.कोरोना भाईरस (कोभिड-१९) रोकथाम नियन्त्रण एवम गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य सम्बन्धि कार्यक्रम ।

२.भीरकोट नगरपालिका क्षेत्रका सामुदायीक विद्यालयमा कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनरत छात्र छात्राहरुलाई सूचना प्रविधिमा आधारित प्रविधिमैत्री विद्यालय संचालन एवम व्यवस्थापन कार्यक्रम ।

प्रमुख प्रशासकीय अधिकृत